annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५३, पृष्ठ ८ | काठमाडौं, सोमबार ८ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४६ | MONDAY, JUNE 22, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## रास्वपाको पहिलो महाधिवेशन: रवि–बालेनको एकै स्वर



थोरै आशंका, धेरै जिज्ञासाबीच रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन शाहले आइतबार पार्टीको पहिलो महाधिवेशनको संयुक्त उद्घाटन गरे। पार्टी नेतृत्व एक ठाउँ रहेको सन्देश राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवाह गरे। सभापति लामिछानेले सत्ताप्रति आफ्नो चाहना नरहेको स्पष्ट सन्देश दिए, लामिछानेकै नेतृत्वमा पार्टी एक ढिक्का भएर अघि बढ्ने शाहले उद्घोष गरे। मूल नेतृत्व बाहेकका अन्य पदमा भने कसरी व्यवस्थापन गरिन्छ, त्यसबारे जिज्ञासा कायमै छन्।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
**अनिल ढकाल** | *चितवन*

समाचार पृष्ठ २

## लेबनानमा इजरायली आक्रमण रोक्न इरानले अमेरिकासँगको वार्तामा जोड दिने



**तेहरान** (एजेन्सी): इरानले अमेरिकासँग स्विट्जरल्यान्डमा हुने वार्तामा इजरायल र लेबनानको सशस्त्र समूह हिजबुल्लाहबीचको द्वन्द्व नै मुख्य छलफलको विषय हुने जनाएको छ। इरानको रोक्का कोष र देशको तेल बिक्रीजस्ता विषयहरू पनि वार्तामा छलफलका विषय हुनेछन्।

'यहुदी प्रशासनले लेबनानमा आफ्नो प्रतिबद्धता उल्लंघन गरिरहेको छ, यो विषय आजको वार्ताको मुख्य विषय हुनेछ,' इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले इरानी समाचार संस्था (इर्ना) द्वारा सम्प्रेषित एक भिडियोमा बताएका छन्। तेहरानले वासिङ्टनसँग फेब्रुअरी २८ मा अमेरिका-इजरायली हमलापछि सुरु भएको र महिनौंदेखि चलेको द्वन्द्व समाप्त गर्न गत बिहीबार अमेरिकासँग एक समझदारीपत्रमा सम्झौता गरेको थियो। सम्झौताअनुसार, लेबनानमा इजरायल-हिजबुल्लाह द्वन्द्व पनि रोकिने सहमति भएको थियो।

इरानको सेनाले शनिबार लेबनानमा इजरायली हमलाहरू जारी रहेको कारणले उसले फेरि हर्मुज जलडमरू बन्द गरेको घोषणा गरेको छ। शनिबार साँझपछि लेबनानमा कुनै नयाँ आक्रमण भएको रिपोर्ट आएको छैन र बघाईले शनिबारदेखि लेबनानमा 'युद्धविराम' जारी भएको बताए।

समझदारी पत्रमा उल्लेख भएअनुसार अमेरिका-इरान लेबनानमा इजरायल-हिजबुल्लाह द्वन्द्व पनि रोक्न सहमत भएको तेहरानको दाबी छ। उनले थपे, 'तेहरानले आफ्नो रोक्का तथा पहुँचयोग्य नभएका कोषहरूको विषयलाई पनि वार्तामा अघि बढाउनेछ।' 'इरानको रोक्का वा प्रतिबन्धित सम्पत्तिहरू उपलब्ध गराउने विषय, साथै इरानी तेल बिक्रीका लागि आवश्यक अनुमतिपत्र जारी गर्ने सम्बन्धित छलफल पनि छलफलको विषयमा रहनेछ,' हाल वार्ताको तयारीमा स्विट्जरल्यान्डमा रहेका बाघाईले बताए।

इरानले आफ्नो रोक्का सम्पत्तिको आधिकारिक तथ्यांक खुलासा गरेको छैन, तर मिडिया रिपोर्टहरूले इरानको रोक्का रकम १०० अर्ब डलरभन्दा बढी रहेको अनुमान गरेका छन्, जसमध्ये धेरैजसो सन् १९७९ को इस्लामिक क्रान्तिपछि रोक्का गरिएको थियो। इस्लामिक क्रान्तिले अमेरिका समर्थित तत्कालीन शासक अल रेजा पहलवीलाई सत्ताबाट हटाएको थियो।

## १९ वर्षीय आदित्य सुवेदी, जसले अमेरिकामा झन्डै ४ अर्ब लगानी जुटाए

**संजीप घिमिरे** | *काठमाडौं*

भनिन्छ, सफल बन्न सपना ठूलो देख्न सक्नुपर्छ। १९ वर्षीय नेपाली युवा आदित्य सुवेदीले देखेको त्यस्तै सपनाले आज उनलाई विश्वस्तरीय सफलतातर्फ डोहोर्‍याइरहेको छ। १९ वर्षको अल्लारे उमेरमै उनले विश्व प्रविधि क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन्।

बंगलादेशी मूलका क्यानेडियन साथी २० वर्षीय इब्राहिम हुसेनसँग मिलेर सुवेदीले स्थापना गरेको कृत्रिम बुद्धिमत्ता (एआई)सम्बन्धी काम गर्ने कम्पनी आर्किटेक्ट ल्याब्सका कारण उनी विश्वभर चर्चामा आएका छन्। आर्किटेक्ट ल्याब्सले २ करोड ४० लाख अमेरिकी डलर (करिब ३ अर्ब ६२ करोड रुपैयाँ) बराबरको प्रारम्भिक लगानी जुटाएपछि अन्तर्राष्ट्रिय सञ्चार संस्थाहरूले यसलाई महत्त्वका साथ समाचारमा स्थान दिएका छन्।

अमेरिकाको क्यालिफोर्नियामा स्थापित यस कम्पनीले एआईको प्रयोगमार्फत सेमिकन्डक्टर चिप डिजाइन प्रक्रियालाई छिटो, सस्तो र प्रभावकारी बनाउने लक्ष्य राखेको छ। अहिले एउटा चिप डिजाइन



गर्न वर्षौं लाग्ने र करोडौं खर्च हुने अवस्थालाई कम लागत र समयमा सम्पन्न गर्ने उद्देश्य कम्पनीले राखेको छ। कम्पनीले आगामी पुस्ताका लागि आवश्यक कस्टम चिप निर्माणको काम अघि बढाइरहेको छ। गुगल डिपमाइन्डका प्रमुख वैज्ञानिक जेफ डिनसहित ओपनएआई, एनभिडियालगायत विश्वका प्रतिष्ठित प्रविधि कम्पनीका सञ्चालकहरूले समेत लगानी गरेपछि कम्पनीका संस्थापक सुवेदीमात्र स्थापित भएका छैनन्, यसबाट नेपाली युवाको क्षमतालाई विश्वले कदर गरेको छ र नेपाली युवा वर्गले विश्वमञ्चमा आफ्नो क्षमता प्रदर्शन सकिन्छ भन्ने प्रेरणासमेत पाएका छन्।

### को हुन् आदित्य सुवेदी

अमेरिकामा पढ्न जानु अघि दुबईको ट्रान्जिटमा रहँदा आदित्यले दुबई सिटी देखाउँदै भनेका थिए, 'ममी, यो सहरमा संसार ठूला-ठूला कम्पनी छन् र धेरै धनी मानिसहरू पनि यहीँ बस्छन्। हाम्रो कम्पनीको कार्यालय यहाँ पनि हुन्छ।' भर्खरै विद्यालय तह पूरा गरेका आदित्यको आत्मविश्वासलाई उनको हजुरआमाले अस्वाभाविक रूपमा लिइन्। 'अमेरिका पुगेपछि पनि यस्तै हावादारी गफ गर्ने होइन नि बाबु, राम्ररी पढ्ने नि ?', हजुरआमाले उल्टै सम्झाइन्।

आमा अञ्जु भट्टराईले त्यो विगत सम्झँदै अन्नपूर्ण पोस्ट्सँग भनिन्- कुरै कुरामा ढाडस दिँदै मैले भनें, 'हो नि !, एलन मस्क र बिल गेट्सँग पनि त सपनामात्र थियो। सपना देख्नेले नै सफलता पाउँछ बाबु।' आमा अञ्जुलाई छोराप्रति विश्वास त थियो तर आफ्नै छोरा विश्व प्रविधि क्षेत्रमा पहिचान बनाउने यात्रामा छ भन्ने त्यतिबेला थाहा हुने कुरै भएन।

» बाँकी पृष्ठ ३

## बेलायतका प्रधानमन्त्री स्टार्मरलाई पद छोड्न दबाब



**लन्डन** (एजेन्सी): बेलायतका प्रधानमन्त्री किर स्टार्मरलाई पद छोड्न राजनीतिक दबाब बढेको बेलायती सञ्चारमाध्यमले जनाएका छन्। द अब्जर्भर र द गार्डियनको जुन २१ मा जारी रिपोर्टमा प्रधानमन्त्री स्टार्मरले सोमबार राजीनामाको घोषणा गर्ने अपेक्षा गरिएको छ।

स्टार्मरमाथि असफल आर्थिक नीति र स्थानीय निर्वाचनमा भारी पराजयका कारण राजीनामा दिन दबाब बढ्दै गएको थियो। यसका साथै, यौन अपराधी जेफ्री एपस्टिनसँग निकट सम्बन्ध रहेको आरोप लागेका पूर्ववरिष्ठ सल्लाहकार पिटर म्यान्डेल्सनलाई अमेरिकाको राजदूतमा नियुक्त गरेको कारण राजीनामा दिन थप दवाव बढेको थियो।

## फिफा विश्वकप: ३८ देखि ७८ वर्षका प्रशिक्षक

**सुरज भण्डारी** | *अमेरिका*

उत्तर अमेरिकी मुलुकहरू अमेरिका, क्यानडा र मेक्सिकोमा संयुक्त रूपमा जारी फिफा विश्वकपको २३औं संस्करणमा पहिलो चरणका खेलहरू भइरहेका छन्। इतिहासमै पहिलोपटक ४८ राष्ट्रको सहभागिता रहेको यस महाकुम्भमा सबै टोलीले आआफ्नो पहिलो खेल खेलिसकेका छन्। पहिलो चरणको नतिजा कतिपय देशका लागि अपेक्षित रह्यो भने कतिपय स्थापित देशहरूले अप्रत्याशित नतिजा भोग्नुपर्‍यो। विश्वकपअघि उत्कृष्ट लयमा देखिएका केही 'पावरहाउस' टोलीहरू तुलनात्मक रूपमा कमजोर आकलन गरिएका प्रतिद्वन्द्वीसँग बराबरीमै रोकिन पुगेका छन्।

साविक विश्वविजेता अर्जेन्टिना, पूर्वविजेता फ्रान्स, जर्मनी र इङ्ल्यान्डले आआफ्नो पहिलो खेलमा उत्कृष्ट जित दर्ता गरेका छन्। अर्कोतर्फ, विश्वकपमा सबैभन्दा बढी उपाधि जितेको ब्राजिल, पूर्वविजेता स्पेन, युरोपेली महारथी पोर्चुगल र पूर्वविश्वविजेता उरुग्वे भने पहिलो खेलमै बराबरीमा रोकिएका छन्।

पहिलो चरणका खेलहरूमा अर्जेन्टिनाले अल्जेरियालाई ३-० ले, फ्रान्सले सेनेगललाई ३-१ ले, जर्मनीले पहिलोपटक विश्वकप खेलिरहेको कुरासाओलाई ७-१ को विशाल गोलअन्तरले तथा इङ्ल्यान्डले क्रोएसियालाई ४-२ ले पराजित गर्‍यो। तर, ब्राजिल मोरक्कोसँग १-१ को, स्पेन पहिलोपटक सहभागी काबोभेर्दे (केप भर्डे) सँग गोलरहित (०-०) को, उरुग्वे साउदी अरेबियासँग १-१ को र पोर्चुगल डोमिनिकन रिपब्लिकसँग १-१ को बराबरीमा रोकिन बाध्य भए। यसरी पहिलो चरणमै देखिएका यी मिश्रित नतिजाहरूले विश्वकपमा थप कौतुहलता र तरंग पैदा गरिदिएको छ।



### कीर्तिमान र गोलका वर्षा

विश्वविख्यात अर्जेन्टिनी कप्तान लियोनल मेसीले अल्जेरियाविरुद्ध सानदार ह्याट्रिक गर्दै विश्वकपको इतिहासमा सर्वाधिक गोल गर्ने जर्मनीका पूर्वस्ट्राइकर मिरोस्लाभ क्लोजको कीर्तिमानसँग बराबरी गरेका छन्। उनको वर्तमान लयलाई हेर्दा उनी चाँडै नै विश्वकप इतिहासकै सर्वाधिक गोलकर्ता बन्ने निश्चित प्राय: देखिन्छ।

यस्तै, क्यानडाका जोनाथन डेभिडले पनि कतारविरुद्ध सानदार ह्याट्रिक पूरा गरेका छन्। यस्तै, अमेरिकाका फोलारिन बालोगुन, स्विडेनका यासिन अयारी, जर्मनीका काइ हाभर्ट्ज, न्युजिल्यान्डका एलिजाह जस्ट, इङ्ल्यान्डका ह्यारी केन र नर्वेका एर्लिङ हालान्डले पहिलो खेलमै २-२ गोल गरिसकेका छन्। आयोजक राष्ट्रहरूमध्ये अमेरिका र मेक्सिकोले आफ्नो पहिलो खेलमा जित निकालेका छन् भने क्यानडाले बराबरी खेलेको छ। पहिलो चरणमै जापान र नेदरल्यान्ड्सबीच निकै प्रतिस्पर्धात्मक खेल भयो। जसमा दुवै टोलीले २-२ गोलको बराबरी खेले। यस्तै, इजिप्ट र बेल्जियमले पनि १-१ को प्रतिस्पर्धात्मक खेल खेल्दै बराबरीमा चित्त बुझाए। यसपटक पनि विगतका विजेताहरूले नै बाजी मार्ने हुन् या फुटबलले नयाँ विश्वविजेता पाउने हो, त्यो आकलन गर्न अझै केही समय कुर्नुपर्ने हुन्छ।

» बाँकी पृष्ठ ६